भक्तपुर जिल्ला अदालत
भक्तपुर

भक्तपुर जिल्ला अदालतवाट जारी भएको

## जिन्सीका सामानहरु लिलाम विक्री सम्वन्धी सर्वसाधारणका लागि जारी भएको सूचना

सुचना प्रकाशित मिति -२०७८।६।२०

प्रस्तुत विषयमा यस अदालतको प्रशासनिक कार्य सन्चालन गर्नको निमित्त खरिद गरिएका तथा अन्यत्र कार्यालयवाट हस्तान्तरण भई आएका विभिन्न किसिमका काठ , फलामका तथा स्टिलका टेवल,कुर्सी, दराजहरु साथै प्रिन्टर, मनिटरहरु समेतका सामानहरु आर्थिक कार्यविधि नियमावली , २०६४ को नियम ५७ वमोजिम लिलाम विक्री गरिने भएकोले मिति २०७८।६।८ को निर्णय तथा सोही नियमावलीको नियम ५८ वमोजिम गठित मूल्यांकन समितिको मिति २०७८।६।२० को वैठकको निर्णय अनुसार कायम भएको जम्मा रु.१६२००।– (सोह्र हजार दुई सय)मुल्यवाट डाक वढावढ हुने गरी मिति २०७८।७।१५ गते डाक लिलामको लागि मिति तोकिएको हुँदा ईच्छुक व्यक्ति, संस्था तथा फर्महरुवाट देहायका शर्तहरुको अधिनमा रही डाक वढावढको लागि आह्वान गरिएको वेहोरा सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु

१. जिन्सि सामानहरु लिलाम विक्री गरिने मिति,समय र स्थान-२०७८ साल कार्तिक १५ गते दिउसो २.००वजे देखि ३.०० वजेसम्म यस अदालतको प्रशासन शाखा र सो दिन सार्वजनिक विदा पर्न गए सोको भोलिपल्ट सोही समय र स्थानमा हुनेछ ।

२. डाक वढावढमा सहभागी हुन चाहने व्यक्ति वा संस्थाले मिति २०७८।७।१५ गते दिउँसो १.०० वजे सम्म नेपाली नागरिकताको प्रमाणपत्र, संस्था भए कर चुक्ताको प्रमाणपत्र र नवीकरण सहितको फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि समेत साथै राखी निवेदन दस्तुर रु.१०।–( दश) साथै राखी यस अदालतको स्टोर शाखामा निवेदन वुझाउनु पर्नेछ ।

३. निवेदन दर्ता नगराई वार्ताद्वारा विक्री गरिने मिति समयमा उपस्थित हुने व्यक्ति वा फर्मलाई अन्य कुनै मौका प्रदान गरिने छैन र निर्धारित समय सम्ममा निवेदन दर्ता नगराउनेलाई लिलाममा सहभागि गराईने छैन ।

४.डाक वढावढमा सहभागी हुन निवेदन दर्ता गराई निर्धारित समयभित्र एउटा मात्र व्यक्ति वा फर्म उपस्थित भए न्युनतम् कायम भएको मुल्यमा लिलाम विक्री गरिने र एक भन्दा वढी व्यक्ति वा फर्म उपस्थित भएमा सहभागीवीच डाक लिलाम वढावढको प्रकृया अपनाईने छ । सो प्रकृयामा सवैभन्दा वढी अंक डाक वोल्ने व्यक्ति वा संस्थालाई लिलामीमा चढाईएका उक्त सामानहरु लिलाम सकार गरिनेछ ।

५ लिलाम वढावढमा सवैभन्दा वढी डाक वोल्नेले कवोल गरेको अंकको १० प्रतिशतले हुने रकम तत्कालै नगदै धरौट राख्नुपर्नेछ।

५.डाक लिलाम सकार गरिलिनेले ७ दिन भित्र वाकि रकम दाखिल गरी रकम दाखिला गरेको मितिले १५ दिन भित्र समान उठाई लैजानु पर्नेछ। ७ दिन भित्र आफुले कवोल गरेको समान फिर्ता लिन नआएमा निजले दाखिल गरेको धरौटी रकम कानून वमोजिम जफत गरिनेछ।

६.लिलामका सामानहरु हेर्न तथा यस सम्वन्धी थप जानकारी लिनुपर्े कार्यालय समयभित्र यस अदालतको स्टोर शाखामा सम्पर्क गर्न सकिनेछ।